# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

## १७ असार २०७७

## बुधबार

## (बैठक सङ्ख्या–३३)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा बुधबार बिहान ११:०५ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभा सदस्य माननीय ज्ञान कुमारी छन्त्यालको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु ।

**शोक प्रस्तावः**

विक्रम सम्वत् २०७४ सालको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित माननीय ज्ञान कुमारी छन्त्यालको ६३ वर्षको उमेरमा मिति २०७७ साल असार १७ गते बुधबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । नेपाली काँग्रेसकी नेतृ स्वर्गीय छन्त्याल विक्रम सम्वत्, २०७० सालको संविधान सभा सदस्यमा बाग्लुङ्ग जिल्ला क्षेत्र नम्बर ३ बाट निर्वाचित हुनु भएको थियो । यो बैठक दिवङ्गत छन्त्यालप्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दै शोक सन्तप्त परिवारजनमा संवेदना प्रकट गर्दछ । माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनु हुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब स्वर्गीय ज्ञान कुमारी छन्त्यालप्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर १ मिनेट मौन धारण गरौँ ।

(मौन धारण)

धन्यवाद ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ असार १८ गते बिहीबार दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक २०७७ असार १८ गते बिहिबार दिनको १:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।)

**अन्त्यः-बिहान ११:१० बजे ।**